यस व्यास नगरपालिकाको १६१ औं बैठक आज मिति २०७९/११/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ उ | पस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | अनपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०७९/११/०८ को बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: सहकारी संस्था अनुदान व्यवस्थापन कार्यविधि, २०७९ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: व्यास नगर खेलकूद व्यवस्थापन कार्यविधि, २०७९ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: व्यास नगर महिला खुल्ला हाफ म्याराथन, २०७९ को तयारी सम्बन्धमा ।
प्रस्ताव नं.५: मानहुँकोट पुलिमऱ्याङ्ग अल्ट्रा म्याराथन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.६: समता विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको पारीश्रमिक सम्बन्धमा ।
प्रस्ताव नं.७: मतदाता नामावली अध्यावधि गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा ।
प्रस्ताव नं.९: निवर्तमान प्रमुख प्रशासकीय अधिकृतलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.१०: माहेन्द्री मा.वि. को नयाँ भवन निर्माण अनुमती सम्बन्धमा ।
प्रस्ताव नं.११: शैक्षिक वेरोजगार अनुदान वितरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: कोशेली घरलाई बिउपूँजी रकम उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१३: स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१४: सत्यवती मा.वि.को BE-Computer Engineering को शिक्षक भर्ना अनुमती सम्बन्धमा ।
प्रस्ताव नं.१५: क्यामिनकोट मा.वि. व्यास ७ को विषय परिवर्तन सम्बन्धमा।
प्रस्ताव नं.१६: विद्यालयको स्तरीय छात्रबृत्ति कोष सञ्चालन कार्यविधि निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१७: महिला उद्यमी हस्तकला सिप विकास तालिम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१८: विज्ञापन नियमन गर्ने कार्यविधि निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१९: तनहुँ विद्युत परियोजनासँग योजना सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.२०: व्यास १० दुम्सी बजारमा रहेको कृषिउपज केन्द्र सञ्चालन, व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२१: पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.२२: विभिन्न कार्यक्रममा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२३: स्वास्थ्य संस्था नविकरण सम्बन्धमा ।
प्रस्ताव नं.२४: समता विद्यालयको पूँजिगत बजेट बाँडफाँड सम्बन्धमा ।
प्रस्ताव नं.२५: पर्यटन प्रवर्द्धन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२६: मकैको उन्नत बिउ खरिदका लागि कार्यालय ल.ई. सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/११/०८ को बैठकको निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ को प्रस्ताव उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगर खेलकूद व्यवस्थापन कार्यविधि, २०७८ भन्दा पछि व्यास नगर खेलकूद विकास ऐन, २०७८ आएकोले ऐनको प्रावधानहरुसँग मिलान गर्नुपर्ने देखिंदा उक्त कार्यविधि खारेज गरी ऐनसँग मिलान हुने गरी व्यास नगर खेलकूद विकास व्यवस्थापन कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा अन्तर्राष्ट्रिय नारी दिवस (८ मार्च २०२३) २०७९ फागुन २४ गते व्यास ३ स्थित वि.पि. खेलकूद मैदानबाट शुरु भई वडा नं. ११ स्थित ऐतिहासिक प्राचित तनहुँसुर दरबारसम्म महिला खुल्ला हाफ म्याराथन सम्बन्धमा सम्बन्धित समितिबाट भएका तयारी बारे

जानकारी लिइयो र उक्त म्याराथन आयोजनाका लागि रू.५,००,०००/- (पाँच लाख) नबढ्ने गरी बजेट शिर्षक नं.२४९ बाट खर्च गर्ने गरी स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/१०/१६ गते (मानुङकोट-पुलिमऱ्याङ्ग) शहिद दिवसका दिन भएको खुल्ला अल्ट्रा म्याराथनमा भएको रू.७,३३,६४६/- (सात लाख तेत्तिस हजार छसय छ्यालिस) खर्च विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल गर्दा व्यास नगर समता विद्यालयमा कार्यरत बाल विकास शिक्षक श्री शान्ती सापकोटा वाग्ले र कार्यालय सहयोगी श्री सपना खनाल थापाको मासिक पारीश्रमिक सो तहका समतामा कार्यरत अन्य शिक्षक कर्मचारी सरह नभई फरक देखिएकाले श्री शान्ती सापकोटाको रू.२१,०००/- र श्री सपना खनाल थापाको रू.१८,०००/- २०७९ चैत्र १ देखि लागू हुने गरी पारीश्रमिक तय गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा निर्वाचन आयोगबाट मतदाता नामावली अध्यावधि गर्न २०७९/११/२२ गते नामावली प्रकाशन गरेकाले सबै वडा कार्यालय मार्फत संशोधन सहित अध्यावधि कार्यमा सहयोग पुऱ्याउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कामकाजका लागि गण्डकी प्रदेश सरकारबाट प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी आउनु भएकाले सुखद कार्यकालको कामना गर्दै स्वागत गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा २०७९ श्रावण देखि यस नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री हरिराम नागिलाले यस नगरपालिकामा पुऱ्याउनु भएको सेवाका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ९ झिनुवाटार स्थित माहेन्द्री माध्यमिक विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रू.५०,००,०००/- (पचास लाख) रकम भवन निर्माणका लागि प्राप्त भएकोमा विद्यालयको खाली जग्गा अपर्याप्त हुँदा २०५१ सालमा बनेको विद्यालयको पूर्व उत्तर तर्फको क्यामिन छापथोक ५/ख कि.नं. ६७ को क्षेत्रफल ३-१३-०-० मा भएको पुरानो भवन भत्काई नयाँ भवन निर्माणका लागि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा शैक्षिक वेरोजगार महिलालाई प्रदान गरिने बजेट शिर्षक नं. २३४ अन्तर्गतको बजेटबाट पाउने गरी सम्बन्धित समितिको सिफारिसका आधारमा कार्यविधि बमोजिम निम्नानुसार जनही रू.५०,०००/- (पचास हजार) प्रोत्साहन अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | नाम, थर | ठेगाना | व्यवसाय |
|---|---|---|---|
| १. | श्री कल्पना गौली | व्यास २ | मा अम्बे अलौकिक कृषि फर्म : ड्रागन फुड, अन्य सिजनेवल तरकारी उत्पादन । |
| २. | श्री लक्ष्मी पोखेल | व्यास १० | स्नेहा एण्ड असल किराना पसल : खाद्यान्न, पेय पदार्थ आदि । |
| ३. | श्री सावित्री गैह्रे | व्यास ४ | सापकोटा भान्सा घर एण्ड लज : १० वटा कोठा सहित खाजा, खाना, हलको व्यवस्था । |
| ४. | श्री दिलकुमारी सारु थापा | व्यास २ | दिदी बहिनी ढाका उद्योग : ढाका बुन्ने तान सहित सिलाउने मेशिन (सल, चोलो, ब्लाउज, कोट, कुर्थासुरवार, सर्ट, व्याग) |

| | | | |
|---|---|---|---|
| ५. | विष्णु खनाल | व्यास ११ | व्यास पराशर कृषि तथा पशु फर्म : दुध विक्री, सिजन अनुसार तरकारी, फलफुल, डाले घाँस आदि । |
| ६. | श्री उषा तिवारी धरेल | व्यास १२ | छाब्दी देवी इन्टरप्राइजेज : मोबाइल सम्बन्धी विक्री मर्मत । |
| ७. | श्री एलिजा बगाले | व्यास ८ | एलिन कृषि तथा पशु फर्म, बाखा, कुखुरा, हाँस, मौरी लगायत घाँस, तरकारी उत्पादन । |
| ८. | श्री सारिका थापा | व्यास २ | छाब्दी बाराही कृषि तथा पशु फर्म, माछा पालन, कुखुरा पालन, सिजनेवल तरकारी उत्पादन । |
| ९. | श्री सन्ध्या गौली खड्का | व्यास ११ | सिष्टता किराना एण्ड कस्मेटिक पसल : खाद्यान्न, पेय पदार्थ, जमफुड, फोटोकपी मेशिन, कस्मेटिक सामान । |
| १०. | श्री तुलसी पौडेल लामिछाने | व्यास ७ | सृजन कस्मेटिक स्टोर्स : श्रृगारका सम्पूर्ण सामान सहित चप्पल जुत्ता, व्याग । |
| ११. | श्री मनिषा कुमाल | व्यास १ | न्यान्सी कस्मेटिक पसल : श्रृगारका सम्पूर्ण सामान सहित चप्पल जुत्ता, व्याग । |
| १२. | श्री संगिता नेपाल | व्यास ४ | अर्पित टेडर्स : कोरियन सामानहरु स्याम्फु, कन्डिसनर, वासिङ्ग मेशिन सर्फ, साबुन, तेल क्रिम । |
| १३. | श्री शान्ता न्यौपाने पौडेल | व्यास ८ | रिस्ती कृषि तथा पशु फर्म : गाई, बाखा, अकबरे खुर्सानी, फलफुल, घाँस । |
| १४. | श्री सकुन्तला न्यौपाने बास्तोला | व्यास ८ | बास्तोला पोल्ट्री फर्म : २५०० क्षमताको खोर कुखुरा पालन । |
| १५. | श्री पार्वती पराजुली अधिकारी | व्यास ८ | अधिकारी पशुपालन तथा कृषि फर्म : भैंसी पालन, दुध, खुदो विक्री, तरकारी उत्पादन । |
| १६. | श्री मुना कालिराज वि.क. | व्यास २ | व्यासमिरी अफसेट प्रेस : प्रेस, फोटोकपी, प्रफेटिङ्ग, कटिन मेशिन सहित स्टेशनरी सामानहरु । |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ३ स्थित उद्योग तथा पर्यटन कार्यालय परिसरमा सञ्चालित महिला लगायतबाट उत्पादिन हस्तकला एवं कृषि उपजका उत्पादनहरुको विक्री कक्ष कोशेली घर सञ्चालन गर्न नेपाल घरेलु तथा साना उद्योग महासंघकी जिल्ला अध्यक्ष श्री कल्पना गौलीले रकम माग गरी निवेदन दिनु भएकोमा गत बर्ष रू.३,००,०००/- (तिन लाख) विनियोजन भएकोमा उक्त रकम निकासा नभई बाँकी नै रहेकाले सो ३,००,०००/- (तिन लाख) र थप रू.२,००,०००/- (दुई लाख) समेत रू.५,००,०००/- (पाँच लाख) आ.व. २०७९/०८० को बजेट शिर्षक नं. २३४ बाट खर्च हुने गरी बिउपूँजीको रुपमा अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कक्षा २-५ को स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने हुँदा निम्नानुसार सल्लाहकार रहने गरी सामाजिक विकास समितिका संयोजकको अध्यक्षतामा स्थानीय पाठ्यक्रम मस्यौदा समिति निर्माण कार्यदल गठन गरी तत्काल प्रकृया अघि बढाउन बजेट शिर्षक नं. १९५ बाट खर्च हुने गरी रू.८,००,०००/- (आठ लाख) विनियोजन गर्ने र नपुग रकम पछि विनियोजन गर्ने निर्णय गरियो । साथै सो सम्बन्धी कार्यविधि मस्यौदा पेश गर्न समेत शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**(क) सल्लाहकार समिति :**

१. संयोजक : श्री वैकुण्ठ न्यौपाने – नगर प्रमुख

२. सदस्य : श्री इन्दिरा दरै – नगर उपप्रमुख
३. सदस्य : श्री गंगालाल सुवेदी – प्रमुख प्रशासकीय अधिकृत

**(ख) स्थानीय पाठ्यक्रम मस्यौदा निर्माण कार्यदल :**

१. संयोजक : श्री काजीमान श्रेष्ठ – सामाजिक विकास समिति
२. सदस्य : श्री काशिनाथ न्यौपाने – वैदिक क्षेत्र
३. सदस्य : श्री हरिसिंह गुरुङ्ग – पर्यटन क्षेत्र
४. सदस्य : श्री यम बहादुर आले – सँस्कृति तथा ईतिहास विद
५. सदस्य : श्री पदमराज आचार्य – विज्ञ, स्थानीय पाठ्यक्रम निर्माण
६. सदस्य : श्री भरत काफ्ले – प्र.अ., श्री सर्वज्योती मा.वि., व्यास १०
७. सदस्य : श्री चेत नारायण लामिछाने – प्र.अ., श्री महर्षि सँस्कृत मा.वि. व्यास ३
८. सदस्य : श्री नन्दु थापा मगर – शिक्षक, श्री बालमन्दिर मा.वि. व्यास २
९. सदस्य : श्री प्रेम बहादुर दरै – शिक्षक, श्री भानु मा.वि. व्यास १०
१०. सदस्य : श्री रामकाजी श्रेष्ठ – शिक्षक, श्री क्यामिन मा.वि. व्यास ७
११. सदस्य : श्री महमद आलम – शिक्षक, बालमन्दिर मा.वि. व्यास २
१२. सदस्य-सचिव : श्री नविन पराजुली – अधिकृत, शिक्षा तथा सामाजिक विकास शाखा

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा श्री सत्यवती माध्यमिक विद्यालय व्यास २ मा प्राविधिक धार तर्फ कम्प्युटर इन्जिनियरिङ्ग विषय तर्फ प्रशिक्षक पदमा कार्यरत ई. श्री सुनिल कुमार शाहले राजिनामा दिई रिक्त पदमा माध्यमिक तहमा अध्यापन अनुमती पत्र प्राप्त निवेदकहरुबाट दरखास्त आब्हान गर्न पटक-पटक गरेको विज्ञापनमा नियमानुसार कुनै आवेदन प्राप्त नभएकोले विद्यालयमा पठन-पाठन कार्य अत्यन्त प्रभावित भएकोले BE-Software Engineering, BE- Computer System Engineering मध्ये कुनै एक विषयका प्रशिक्षकहरुको आवेदन दर्ता हुन आएमा स्वतः हट्ने गरी सम्बन्धित विषय अध्यापन गर्न सक्ने एक पटकका लागि स्नातक तह वा सो सरह योग्यता भएका उम्मेदवारहरु समेतका लागि २ भन्दा बढी राष्ट्रिय दैनिक पत्रिकाहरुमा खुल्ला आवेदनको दरखास्त आब्हान गर्न विद्यालयलाई अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा श्री क्यामिनकोट माध्यमिक विद्यालय व्यास ७ मा निम्न माध्यमिक तह तृतीय श्रेणीको लागि प्रदान गरिएको सामाजिक विषयको दरबन्दीलाई विद्यालयको आवश्यकता तथा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७९/९/२० को निर्णय अनुसार सामाजिक विषयको राहत दरबन्दीलाई नेपाली विषयको राहत दरबन्दीमा परिवर्तन गर्न निवेदन पेश गरेकोले विद्यालयको आवश्यकता तथा माग अनुसार सामाजिक विषयको सट्टा राहत दरबन्दीको नेपाली विषयमा परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत विभिन्न सामुदायिक एवं संस्थागत विद्यालयमा विभिन्न दाताहरुबाट प्रदान गरिएका अक्षयकोष (छात्रबृत्ति कोष) सञ्चालनमा एकरुपता कायम गर्न र अभिलेख व्यवस्थित गर्न अधयकोष सञ्चालन एवं व्यवस्थापन कार्यविधि मस्यौदा गरी विद्यायन समिति मार्फत पेश गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा पाइने मकैका भुत्ला र थाकलबाट विभिन्न हस्तकलाका सामाग्री निर्माण गर्ने सम्बन्धी निम्नानुसार तालिम सञ्चालन गर्न ओमराज श्री मल्टी एग्रो प्रा.लि.काठमाण्डौंसँग सम्झौता गर्ने निर्णय गरियो ।

(क) वडा नं.५ को बजेट शिर्षक नं.९७ बाट खर्च हुने गरी रू.३,२०,०००/- (तिनलाख बिस हजार) को महिलाहरुका लागि मकैका भुत्लाबाट हस्तकलाको विभिन्न सामाग्री उत्पादन सम्बन्धी सिप विकास तालिम ।

(ख) वडा नं.१३ को बजेट शिर्षक नं. १७३ बाट रू.१,६०,०००/- (एक लाख साठी हजार) को बजेट शिर्षक नं.१८ बाट रू.१,६०,०००/- (एक लाख साठी हजार) समेत जम्मा रू.३,२०,०००/- (तिन लाख बिस हजार) को महिलाहरुका लागि थाकलको प्रयोगबाट हस्तकलाका विभिन्न सामाग्री उत्पादन सम्बन्धी शिप विकास तालिम ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र विभिन्न व्यवसायीहरुबाट गरिने विज्ञापनलाई व्यवस्थित एवं नियमित गर्न नेपालको संविधानको अनुसूची ८ (४) र विज्ञापन ( नियमन गर्ने) ऐन २०७६ ले दिएको अधिकार प्रयोग गर्ने गरी व्यास नगर विज्ञापन कर व्यवस्थापन कार्यविधि तयार गरी पेश गर्न विद्यायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ५ पाटनमा वर्षाद लगायतका पानी व्यवस्थापन गर्न आवश्यक पर्ने नाला निर्माण गर्न लाग्ने रकम तनहुँ विद्युत आयोजनासँग माग गर्ने र उपभोक्ता समिति मार्फत काम गर्न गराउन वडा नं. ५ लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १० दुम्सी बजारमा कृषि संकलन केन्द्रको भवन निर्माण भएको तर केही मर्मत संहार र शौचालय निर्माण गर्नुपर्ने अवस्था देखिंदा कुल ल.ई.रू.४,६१,९०९/२९ मध्ये १०% लागत सहभागीता रहने गरी शिर्षक नं. २५१ बाट खर्च हुने गरी बजेट विनियोजन गरी उक्त कृषि उपज केन्द्र सम्बन्धित वडा मार्फत सञ्चालन व्यवस्थापन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास १३ छापडाँडाभञ्ज्याङ्ग टोल विकास अन्तर्गत १०५६ मिटर उचाईमा रहेको झाँक्रीथान मैदानलाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न बेनिकोट झाँक्रीथान मोटर बाटो निर्माणका लागि बजेट शिर्षक नं. २५२ बाट खर्च हुने गरी रू.५,००,०००/- (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | जिल्ला भलिवल संघ, सहयोग | ३ | १५,०००।- | २४९ |
| २. | जिल्ला खेलकूद राष्ट्रपति रनिङ्ग शिल्ड खेल व्यवस्थापन | ३ | १,००,०००।- | २४९ |
| ३. | पण्डित कुवा रुदीखोला कुलो मर्मत निर्माण | ५ | ३,००,०००।- | ४७४/९२० |
| ४. | नेपाल डोरीतान खेलकूद व्यवस्थापन | ५ | ५०,०००।- | २४९ |
| ५. | कलेस्ती एग्रो फर्म माछा पोखरी संरक्षण | ७ | १,००,०००।- | विपद |
| ६. | छाब्दीबाराही कृषि तथा पशु सञ्चालन विद्युत | ८ | १८,०००।- | ९२१ |

| | | | | |
|---|---|---|---|---|
| ७. | अनन्त जेष्ठ नागरिक मिलन केन्द्र | १० | ५०,०००।- | ११७ |
| ८. | अँधेरीभञ्ज्याङ्ग सडक बत्ती व्यवस्थापन | १० | १,५०,०००।- | ९२१ |
| ९. | पोखरे बाँधकुलो रानीगाउँ मर्मत सुधार | ११ | ९०,०००।- | ९२० |
| १०. | मिलीजुली आमा समूह, फर्निचर खरिद | १२ | ३०,०००।- | ९१८ |
| ११. | केशवटार होमस्टे भवन संरक्षण | १४ | २,००,०००।- | २५२ |

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था नविकरणका लागि आवेदन पेश गर्ने देहाय बमोजिमका स्वास्थ्य संस्थाको नविकरणका लागि स्वास्थ्य तथा जनसंख्या शाखाबाट सिफारिस भई आए बमोजिम १ बर्षका लागि व्यास नगरपालिकाको "व्यास नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमती तथा नविकरण निर्देशिका २०७६" बमोजिम हुने गरी नविकरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क.सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको ठेगाना |
|---|---|---|
| १. | मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि. | व्यास २ |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा बजेट शिर्षक नं. ९३४ अन्तर्गत समता विद्यालय पूर्वाधार निर्माणका लागि विनियोजित रकम रू.५०,००,०००/- (पचास लाख) निम्नानुसार बाँडफाँड गर्ने निर्णय गरियो ।

(क) समता विद्यालय कोठा थप रू.१०,००,०००/- (दश लाख)
(ख) समता विद्यालय जाने बाटो निर्माण रू.१५,००,०००/- (पन्ध्र लाख)
(ग) समता विद्यालय फर्निचर, गेट निर्माण, गार्ड हाउस निर्माण समेत रू.२५,००,०००।- (पच्चिस लाख)

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका होमस्टे व्यवस्थापन एवं पर्यटन प्रवर्द्धन सम्बन्धमा आवश्यक निर्णयका लागि निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

(१) अध्यक्ष श्री वैकुण्ठ न्यौपाने– नगर प्रमुख
(२) सदस्य श्री इन्दिरा दरै – उपप्रमुख
(३) सदस्य श्री गंगालाल सुवेदी – प्रमुख प्रशासकीय अधिकृत
(४) सदस्य श्री हरिसिंह गुरुङ्ग – पर्यटन विद्
(५) सदस्य श्री काजीमान श्रेष्ठ – वडा अध्यक्ष
(६) सदस्य श्री विष्णु कुमार श्रेष्ठ – वडा अध्यक्ष
(७) सदस्य श्री आशा दरै – होमस्टे सञ्चालक
(८) सदस्य श्री के.वि. थापा – तनहुँसुर होमस्टे सञ्चालक
(९) सदस्य-सचिव श्री राजेन्द्र कार्की – उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्द्धन शाखा प्रमुख

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा २०७९/०८० को तनहुं जिल्ला दररेटमा मकैको उन्नत बिउको खरिद मूल्य रु.८०। मात्र रहेको तर बजारमा बीउको माग र आपूर्तिमा भिन्नता हुँदा उक्त दर रेटमा आपूर्तिकर्ताले बीउ उपलब्ध गराउन नसक्ने भएकोले तपसिल अनुसारको कार्यलय ल.ई. स्वीकृत गर्ने निर्णय गरियो ।

| क.स. | विवरण जात | परिमाण | ईकाई | कार्यालय ल.ई. |
|---|---|---|---|---|
| १ | मकै(उन्नत) | अरुण १ | के.जी. | १५४ |
| २ | मकै(उन्नत) | रामपुर कम्पोजिट | के.जी. | १४३ |
| ३ | मकै(उन्नत) | मनकामना-३ | के.जी. | १३८ |